नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

तहाचल,काठमाण्डौ

फोन ०१४२८२९८५
फोन ०१४२८४५९९

**योजना तथा कार्यक्रम शाखा**

प.सं.
च.नं.

**२०७४ मार्ग ३**

**विषय : निवेदन पेश गर्ने वारे**

**श्री सवै सामुदायिक विद्यालयहरु**
**ऐ ऐ ठेगाना , काठमाडौ ।**

प्रस्तुत विषयमा आ.व २०७४/०७५ का लागि काठमाडौ जिल्लामा सञ्चालनमा रहेका अनुदान प्राप्त सामुदायिक माध्यमिक विद्यालयहरुका लागि निकासा भएका तपसील वमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने प्रयोजनार्थ यस जिल्लामा सञ्चालनमा रहेका इच्छुक सामुदायिक विद्यालयहरुले तोकिएको मापदण्ड एवम् शर्तहरु सहितको विवरण संलग्न राखि सूचना जारी भएको मार्ग मसान्त भित्र कार्यालयमा माग निवेदन पेश गर्न हुन सम्बन्धित सवै विद्यालयहरुमा जानकारीको लागि अनुरोध छ ।

प्रकाश सापकोटा
जिल्ला शिक्षा अधिकारी

तपसील

| सि.न. | कार्यक्रम एवम् क्रियाकलाप | परिमाण | वजेट रु (०००) | निवेदनका लागि संभाव्य विद्यालयहरु | निवेदन साथ संलग्न राख्नु पर्ने विवरणहरु |
|---|---|---|---|---|---|
| १. | **न्यून सिकाइ उपलब्धी भएका विद्यालय लाइ सिकाइ अभिवृद्धिका लागि अनुदान** | १० | १०० | **SEE-2073,जिल्लाको औषत न्यून सिकाई उपलब्धी भन्दा न्यून वा वरावर न्यून सिकाई उपलब्धी रहेको विद्यालय(Least one among the 20 lossers / least scorers )** | १.**SEE-73कोMarks Legerको** आधारमा सिकाई उपलब्धी विश्लेषण सहित सूचक पेश<br>२..सिकाई उपलब्धी अभिवृद्धि योजना एवम् कार्ययोजना (जस्तैः कोचिङ्ग वा अतिरिक्त कक्षा, विषयगत विज्ञ परिचालन, शिक्षण सिकाई कार्यका लागि श्रव्यदृश्य सामग्रीको उपयोग समावेश )<br>३. विव्यसको निर्णय प्रतिलिपि |
| २ | **उत्कृष्ट सिकाइ उपलब्धी हासिल गरेका विद्यालयलाइ प्रोत्साहन अनुदान** | १० | १०० | **SEE-2073**जिल्लाको औषत अधिक सिकाई उपलब्धी भन्दा धेरैवावरावर अधिक सिकाई उपलब्धी रहेको विद्यालय **(Top one among the 20 topers/high scorers)** | १.**SEE-73कोMarks Legerको** आधारमा सिकाई उपलब्धी विश्लेषण सहित सूचक , तत्कालिन कक्षा ९ माभर्ना , कक्षा १० अर्थात **SEE -073** मा समावेश विवरण समेत पेश<br>२ पछिल्लो ३ वर्षको **(SLC/SEE)** नतिजा प्रतिशत ।<br>३.सिकाई उपलब्धी सुदृढीकरण योजनाएवम् सिकाई उपलब्धी सुधारका लागि सहायता एवम् सहयोग कार्ययोजना (जस्तैः आफ्नो कलष्टर भित्र रहेको न्यून सिकाई उपलब्धी भएका सामुदायिक विद्यालय पहिचान, सोसंगको समन्वय र सहकार्यका माध्यमवाट सिकाई उपलब्धी अभिवृद्धिका लागि स्थलगत अवलोकन भ्रमणगरी छलफल/अन्तरक्रिया सहित प्राविधिक सहायतामा आधारित )<br>४. विव्यसको निर्णय प्रतिलिपि<br>५दुवै विद्यालयवीचको आपसी समझदारी पत्र |
| ३ | **कक्षा१०मा अध्ययनरत छात्राहरुका लागि सिकाइ उपलब्धी अभिवृद्धिका लागि सुधारात्मक सिकाइ अनुदान** | १० | २५ | कक्षा ९ उर्त्तिण भएका कक्षा १० मा नियमित उपस्थिति भई अध्ययनरत छात्राहरुको अनिवार्य तीन विषय ( विज्ञान/गणित /अंग्रेजी / अन्य ) मा कक्षागत औषत सिकाई उपलब्धी दर भन्दा न्यून रहेका कम्तिमा १० देखि १५ जना छात्राहरु रहेका विद्यालय | १.गतशैक्षिक सत्रमा कक्षा ९माउर्त्तीण छात्राहरु मध्ये ले न्यूनतम तीन विषयमा प्राप्त गरेको सिकाई उपलब्धीर विद्यालयको औषतसिकाई उपब्धी विश्लेषण सहित सूचक पेश<br>२. उक्त न्यून सिकाई उपलब्धी /कमजोर छात्राहरुलाई **SEE-074को पूर्वतयारी**/अतिरिक्त कक्षा (२ महिनाका लागि) सञ्चालन सहितको कार्यक्रम पेश ।<br>३ विव्यसको निर्णय (अतिरिक्त कक्षाका लागि संलग्न शिक्षकहरुको उपस्थिति समेत) |

वोधार्थ : श्री सवै विद्यालय निरीक्षक एवम् स्रोतव्यक्तिहरु :जानकारी एवम् सूचना प्रवाहका लागि ।

**वेवसाइटwww.deokathmandu.gov.np , इमेल infodeokathmandu@gmail.com , Notice Board No . 1618014284599**